# नगर कार्यपालिकाको कार्यालय
## बेशीसहर, लमजुङ्ग
### गण्डकी प्रदेश, नेपाल

## भ्युटावर तथा पार्क निर्माण सम्वन्धी कार्यको वोलपत्र आव्हान सम्वन्धी ई–विडिङ्गको सूचना

**(प्रथम पटक प्रकाशित मिति : २०७८/०२/१८ गते)**

वेशीसहर नगरपालिका अन्तर्गत देहायका कार्यहरुका लागि ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले यो बोलपत्र सुचना प्रकाशित गरिएको छ । सूचना प्रकाशित भएको मितिले तोकिएको म्याद भित्र कानूनी प्रक्रिया पूरा गरेका ईच्छुक फर्म/कम्पनीहरुले ई–विडिङ्ग मार्फत बोलपत्र पेश गर्नुहुन अनुरोध छ । बोलपत्र सम्बन्धी थप जानकारीका लागि सार्वजनिक खरिद अनुगमन कार्यालयको वेव साइट bolpatra.gov.np/egp वा यस कार्यालयको सूचनापाटी तथा कार्यालयको वेभ साईट www.besisaharmun.gov.np मा हेर्न सकिने छ । साथै कार्यालय समय भित्र यस नगर कार्यपालिका कार्यालयको प्राविधिक शाखामा सम्पर्क राखी बुझ्न सकिनेछ । ठेक्काको विवरण यस प्रकार छ ।

| IFB No | Work Description | Estimated Amount NRs | Bid Security Amount NRs | Bid document price NRs |
|---|---|---|---|---|
| Besishahar/Lamjung/Works/09/077-78 | Construction of Puranokot Gadhi View Tower and Park, Besisahar Municipality-4, Lamjung | 41907266.17 | 1050000 | 5000 |

**क. शर्तहरु :**

१। बोलपत्रदाताले यो सुचना प्रकाशित भएको मितिले ३१ औं दिनको १२.० वजे भित्र ई–विडिङ्ग मार्फत बोलपत्र पेश गरि सक्नुपर्नेछ । ई–विडिङ्ग मार्फत पेश भएका बोलपत्रहरु सोही दिन दिनको १.० वजे नगर कार्यपालिकाको कार्यालयमा खोलिनेछ ।

२। बोलपत्रदाताले इ विडिङ्गको साथमा दरभाउपत्र खरिद गर्दा तिरेको बैक भौचर , विडबण्ड वा धरौटी राखेको रकमको सक्कल प्रति, नेपाली नागरिकताको प्रतिलिपि, मु.अ.कर दर्ताको प्रमाणपत्रको प्रतिलिपि, कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपी, फर्म दर्ता र नविकरणको प्रमाण आदिको नोटरीबाट प्रमाणित गराएको प्रमाणित प्रतिलिपि समावेश गरेको हुनुपर्नेछ । साथै बोलपत्र खरिद गर्दा तिरेको बैक भौचर धरौटी रकमको भौचरमा अनिवार्य रुपमा ठेक्का नं. उल्लेख गर्नुपर्नेछ ।

३। ई–विडिङ्ग बाहेक अन्य तरिकाबाट पेश गरिएको बोलपत्र स्वीकार्य हुनेछैन ।

४। बोलपत्र खरिद बापत नियमानुसार लाग्ने दस्तुर रकम यस कार्यालयको रा.वा. बैक, बेशीसहर शाखामा रहेको आन्तरिक आय खाता नं. ग–४–३ – ३०४०३०४०३८३०४ मा दाखिला गरेको हुनुपर्नेछ ।

ई. विशाल ढकाल
सिभिल ईन्जिनियर
ने.इ.क.दर्ता नं. २१५३१

प्रमुख प्रशासकीय अधिकृत

५। ठेक्का लिन चाहने इच्छुक फर्मले धरौटी बापत तोकिएको रकम धरौटी राख्नु पर्नेछ । धरौटी वापतको रकम यस बेशीसहर नगरपालिका कार्यालयको नाममा रहेको राष्ट्रिय बाणिज्य बैंकको चल्ती हिसाव नं. ३०४०३०३००७१०४ ग–३ धरौटी खातामा नगदै जम्मा गरेको भौचरको ई–कपी वा "क" वर्गको बाणिज्य बैकबाट जारी गरेको बोलपत्र मान्य अवधिबाट कम्तीमा ३० दिन अवधिको विडबण्डको ई–कपी पेश गरेको हुनुपर्नेछ । बोलपत्रको मान्य अवधि बोलपत्र खोलेको मिति देखि न्युनतम ९० दिनको हुनेछ ।

६। रितपूर्वक दाखिला भएका बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा सूचना रद्ध गर्ने वा सूचना संसोधन लगायतका आदि सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ । साथै कुनै शर्त सहितको बोलपत्र स्वीकार्य हुने छैन ।

७ प्रचलित नियमानुसार कालासूचीमा परेका र नगरपालिका कार्यालयलाई बुझाउनपर्ने बाकी वक्यौता भएका व्यक्ति, फर्म तथा कम्पनीहरुको बोलपत्र उपर कुनै कारवाही हुनेछैन ।

८। यस सूचनामा उल्लेख भएको विषय यसै सूचना बमोजिम र यस सुचनामा उल्लेख नभएको हकमा सार्वजनिक खरिद ऐन, नियमावली तथा प्रचलित ऐन नियम बमोजिम हुनेछ ।

प्रमुख प्रशासकिय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

ई. विशाल ढकाल
सिभिल ईन्जिनियर
ने.इ.क.दर्ता नं. २१५३१